## ४६. जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु

१. **आर्थिक कारोबार** – यो वर्ष जिम्मेवारी सहित रु.१० करोड ५३ लाख ६९ हजार आय भएकोमा रु.७ करोड ६४ लाख ८१ हजार खर्च भएको छ । विस्तृत विवरण अनुसूची १ मा उल्लेख छ ।

२. **जिम्मेवारी** – गत वर्षको मौज्दात रु.१ करोड ९८ लाख ५७ हजार रहेकोमा रु.५६ लाख ६८ हजार जिम्मेवारी सारेकोले रु.१ करोड ४१ लाख ८९ हजार घटी जिम्मेवारी सारेको सम्बन्धमा कारबाही हुनुपर्दछ ।

३. **मौज्दात** – कार्यालयले रु.२ करोड ७२ लाख २० हजारको बैङ्क मौज्दात प्रमाण एवं बैङ्क हिसाव विवरण पेश नगरेकोले मौज्दात यकिन हुनसकेन ।

४. **अग्रिम कर** – आयकर ऐन, २०५८ अनुसार विभिन्न व्यक्ति तथा फर्मसँग रु.१ लाख ५३ हजार अग्रिम आयकर कट्टा नगरेकोले असुल गर्नुपर्दछ ।

५. **कर दस्तुर** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६० अनुसार जिल्ला विकास समितिले उठाउनुपर्ने कर, दस्तुर, सेवा शुल्क र भाडा रकम सरकारी बाँकी सरह असुल गर्नपाउने कानूनी व्यवस्था रहेकोमा जिल्ला विकास समितिले २०५२।५३ देखि २०६०।६१ सम्म ५० पार्टीसँग रु.१ करोड ६० लाख ८५ हजार र २०६१।६२ मा १६ पार्टीसँग रु.१० लाख ४ हजार समेत रु.१ करोड ७० लाख ८९ हजार असुल गर्न कारबाही गरेको छैन ।

६. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार यो वर्ष मूल्य अभिवृद्धि कर रु.४ लाख ९५ हजार भुक्तानी दिएकोमा सोको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन । यस्तै विभिन्न कारोबारमा कर बीजक बेगर रु.१ लाख ५७ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

७. **प्रशासनिक खर्च** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४५ अनुसार जिल्ला विकास समितिले ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रु.९२ लाख १७ हजारको २५ प्रतिशतले रु.२३ लाख ४ हजारमात्र प्रशासनिक कार्यमा खर्च गर्न पाउनेमा रु.५० लाख ७० हजार (५५ प्रतिशत) खर्च गरी रु.२७ लाख ६५ हजार बढी खर्च गरेको छ ।

८. **भैपरी आउने खर्च** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४६ अनुसार जिल्ला विकास समितिले ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रु.९२ लाख १७ हजारको १ प्रतिशतले रु.९२ हजारसम्म भैपरी आउने काममा खर्च गर्न पाउनेमा रु.२ लाख ८७ हजार (३.११ प्रतिशत) खर्च गरी रु.१ लाख ९५ हजार बढी खर्च गरेको छ ।

९. **आन्तरिक लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(१) अनुसार जिल्ला विकास समितिको लेखापरीक्षण समितिकै आन्तरिक लेखापरीक्षण शाखाबाट गराउनुपर्ने व्यवस्था छ । शाखाले मासिक रुपमा आय व्ययको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन । साथै स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४९(ख) बमोजिम रु.५० हजारभन्दा बढी भुक्तानी गर्दा पूर्वआन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा सो गरेको छैन । आन्तरिक लेखापरीक्षण शाखाले उद्देश्य अनुरुपको भूमिका निर्वाह गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नुपर्ने देखिन्छ ।

१०. **योजना** – यो वर्ष ४८ योजना सम्पन्न गरेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५(५) अनुसार जिल्ला विकास समितिले २०५९।६० मा ५ वर्षे आवधिक योजना तर्जुमा गरेकोमा सोअनुसार वार्षिक एवं मध्यावधि मूल्याङ्कन गरेको छैन ।

११. **अन्य कार्यालयको खर्च** – जिल्ला विकास समितिले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्लास्थित सरकारी कार्यालयको खर्च व्यहोर्न नपर्नेमा ८ कार्यालयको लागि रु.२ लाख ३३ हजार भुक्तानी दिएको छ ।

१२. **कारोबारको निरीक्षण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १३३(२) बमोजिम जिल्ला विकास समितिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गाउँ विकास समितिको आर्थिक कारोबारको कम्तीमा वर्षको एकपटक निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित गाउँ विकास समिति, जिल्ला विकास समिति र स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्नेमा निरीक्षण गर्ने गरेको छैन ।

१३. **तलब** – सरुवा भै गएका २ कर्मचारीको नाममा २०६१ पौष महिनाको तलब खर्च लेखिसकेकोमा पुन: रु.१२ हजार खर्च लेखेको पाइएकोले सम्बन्धित कर्मचारीलाई कारबाही गरी उक्त रकम असुल गर्नुपर्दछ ।

१४. **दैनिक भत्ता** – पोखरामा सञ्चालित मानव विकासका लागि क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हुँदा स्थानीय विकास अधिकारीलाई रु.१० हजार भत्ता भुक्तानी दिएको पाइयो । कार्यक्रमबाट नै यातायात खर्च र दैनिक भत्ता उपलव्ध गराएको पाइएकोले उक्त रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्दछ ।

१५. **सम्झौतामा बिलम्ब** – सवारी साधन शुल्क उठाउने एक ठेकेदारको कबोल अङ्क रु.२६ लाख ५० हजार २०६१।४।११ मा स्वीकृत गरी निजलाई सम्झौताको लागि पत्र पठाएकोमा ठेकेदारले सम्झौता गर्न बिलम्ब गरी २०६१।६।२६ मा सम्झौता गरेको कारण निजले काम गर्न नपाएको भनी समितिले ८८ दिनको रु.६ लाख ४० हजार घटाएर सम्झौता गरेबाट जिल्ला विकास समितिलाई रु.४ लाख ६५ हजार घटी आम्दानी भएको छ ।

१६. **नगदी रसिद** – समयमा ठेक्का व्यवस्था हुन नसकेको कारण देखाई कृष्णनगर गाउँ विकास समितिले भारतीय नम्बर प्लेटका गाडी र विदेशी निकासीको रकम सङ्कलन गर्न १०० पानाको ४० ठेली रसिद बुझेकोमा रसिदबाट भएको आम्दानीको लेखापरीक्षण गराएको छैन ।

१७. **बिल भरपाई** – फिनिडा प्रोजेक्टले प्रयोग गरेको सवारी साधनको नामसारी र भन्सार महसुल रु.५१ हजार, जापान सरकारको सहयोगमा प्राप्त डोजरको भंसार महसुल रु.२३ हजार तथा बालबालिका तथा महिलाका लागि विकेन्द्रित कार्यक्रममा भएको खर्च रु.४६ हजार समेत रु.१ लाख १० हजार निर्णय, सम्झौता एवं बिल भरपाई बेगर स्थानीय विकास मन्त्रालयलाई शोधभर्ना गरेको छ ।

१८. **सञ्चितकोष** – निर्वाचन क्षेत्र विकास कार्यक्रमको रु.७ लाख ८६ हजार तथा दलित सुधार कार्यक्रमको रु.३ लाख ३८ हजार समेत रु.११ लाख १४ हजार सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१९. **पेश्की** – गत वर्षसम्मको पेश्की रु.१ करोड ५२ लाख ११ हजारमध्ये रु.१ करोड ४४ लाख ७ हजार जिम्मेवारी सारेको छ । गत वर्षको पेश्कीमध्ये रु.८ लाख ९० हजार फछ्र्यौट देखाई बाँकी रु.१ करोड ३५ लाख १७ हजार र यो वर्षको थप रु.१ लाख ८० हजार समेत हालसम्म रु.१ करोड ३६ लाख ९७ हजार पेश्की बाँकी रहेको छ । विगतको पेश्कीको विवरण पेश गरेको छैन ।

२०. **धरौटी** – आर्थिक वर्षको अन्तमा रु.७७ लाख १ हजार धरौटी बाँकी रहेको छ ।

२१. **बेरुजू** – बेरुजू वर्गीकरण अनुसूची २ मा छ ।

२२. **स्थानीय विकास कोष**

२२.१. **आर्थिक कारोबार** – गत वर्षको जिम्मेवारी सहित रु.१ करोड १४ लाख ६९ हजार आय भई रु.५७ लाख ९० हजार खर्च भएको छ । विस्तृत विवरण अनुसूची ५ मा उल्लेख छ ।

२२.२. **बैङ्क मौज्दात** – स्रेस्ता अनुसार रु.५६ लाख ७९ हजार र बैङ्क अनुसार रु.६२ लाख २९ हजार मौज्दात रहेकोले रु.५ लाख ५० हजार फरक परेको सम्बन्धमा हिसाव मिलान गर्नुपर्दछ ।

२२.३. **भाखा नाघेको ऋण** – हालसम्म २५९ सामाजिक संस्थालाई रु.१३ लाख ८० हजार ऋण लगानी गरेकोमध्ये ४५ संस्थासँग १ वर्षभन्दा बढी भाखा नाघेको ऋण रु.५ लाख ३० हजार रहेकोले सक्रियतासाथ ऋण असुली गर्नुपर्ने देखिन्छ ।

२२.४. **कार्यक्रम सञ्चालन** – पश्चिम तराई गरिबी निवारण परियोजनाको घुम्तीकोषको गत वर्षको मौज्दात रु.५ लाख ८८ हजार र यो वर्षको रु.६ लाख समेत रु.११ लाख ८८ हजार प्राप्त भएकोमा उक्त रकमबाट कार्यसञ्चालन गरेको छैन ।

२२.५. **लेखापरीक्षण** – बालबालिका तथा महिलाका लागि विकेन्द्रित कार्यक्रम सञ्चालन गर्न युनिसेफ मार्फत रु.७ लाख ७० हजार प्राप्त भै रु.६ लाख ६६ हजार खर्च भएको सक्कल स्रेस्ता युनिसेफ नेपालमा पठाएको भनी लेखापरीक्षण गराएको छैन ।

२२.६. **पेश्की** – आर्थिक वर्षको अन्तमा रु.८२ हजार पेश्की बाँकी रहेको छ ।

२२.७. **बेरुजू** – बेरुजू वर्गीकरण अनुसूची ६ मा छ ।